कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

**Train & Multiply®**
Project WorldReach (टि एम सेवकाइ संचालन)
Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

034NP01C01

# सर्वशक्तिमानको आराधना गर्नु



## पाष्टरीय तालीम पुस्तिका

## ३४

## तालीम र वृद्धि

**T&M ®**

यो अध्ययनको बेला, तपाईका मानिसहरुलाई साँचो आर ाधनामा डोऱ्याएर परमेश्वरलाई खुशी पार्ने र महिमित तुल्याउने अवस्थामा अगुवाइ गर्ने व्यक्तिको रुपमा परमेश्वरले तपाईलाई तयार पारुन् भनी प्रार्थना गर्नोस् ।

## आराधना के हो ?

आराधना भनेको परमेश्वरलाई हामीहरुको जीवन प्रेम र पवित्रतामा चढाउनु हो (रोमी १२:१)। ईमान्दार आराधना विश्वासीको आत्माबाट आफै बग्छ (यूहन्ना ४:२३)। उहाँ को हुनुहुन्छ, अनि उहाँको आश्चर्यमय वैभव, प्रेम, बुद्धि अनि शक्तिको निम्ति हामी प्रभुको आराधना गर्दछौं । (यशैया ६:१-४, भजन ९५:६, ९६:९)।

केवल पवित्र आत्माले मात्र ईमान्दारसाथ परमेश्वरको आर ाधना गर्न हामीलाई समर्थ तुल्याउनुहुन्छ । उहाँले हामीलाई स्वर्गमा खीष्टसित एक बनाउनुहुन्छ । यसकारण, हामीहरुको आराधना खीष्ट, हामीहरुको शिरद्वारा नै पिताकहाँ जान्छ । खीष्टसित हाम्रो एकत्वको कारण हाम्रो आराधनाले परमेश्वर लाई खुशी तुल्याउँछ । (एफिसी २:१७-१८, हिब्रू ४:१४-१६)



## अभ्यासको काम

- मण्डली सेवाहरुमा परमेश्वरको आशिष र अभिषेकको निम्ति निरन्तर प्रार्थना गर्नोस् ।
- अरु अगुवाहरुसंग सेवाको योजना निकै समय अघिदेखि नै गर्नोस् ।
- तपाईको मण्डली अथवा झुण्डलाई आराधना के हो सिकाउनोस्, ताकि तिनीहरुले परमेश्वरलाई धन्यको भनून् अनि महिमा देऊन्, अनि केवल आफैहरुले आशिष पाउनको लागि मात्र उपस्थित नहोऊन् ।
- अरुहरुको सहायता लिएर सेवा चलाउनु होस् अथवा सेवाका खण्डहरु चलाउन सहयोग गर्नोस् ।
- सारा मण्डलीलाई उनीहरुको वरदान अनुसार गाउने, दान-भेटीहरु दिने, गवाही भन्ने, पढ्ने, अगमवाणी गर्ने सेवामा सहभागी हुनलाई आव्हान गर्नोस् ।

© Project WorldReach © SEAN

४. के तपाईले अरुहरुलाई पनि सेवाहरु चलाउन र यसमा सहभागी हुन निम्त्याउनु हुन्छ, अथवा सबै आफै गर्नुहुन्छ ?

☐ ज्यू, गर्दछु ।

☐ अहँ, तर अब म गर्न शुरु गर्नेछु ।

५. कति पटक तपाईले प्रभुभोज चलाउनु हुन्छ ?

☐ सातामा एक पटक ।

☐ महीनामा दुइ पटक ।

☐ मासिक रुपमा ।

६. के तपाईहरुले मण्डलीका विभिन्न वर्तमान खाँचोहरुको निम्ति पनि प्रार्थना गर्नुहुन्छ ?

☐ ज्यू ।

☐ अहँ, तर अब हामी गर्न शुरु गर्नेछौं ।

७. के तपाईले ईष्टर सण्डे, अनि अरु विशेष दिनहरुको निम्ति सेवाहरु विशेष प्रकारले नै तयारी गर्नुहुन्छ ? (अरु विशेष सेवाहरुमध्ये एक सुसमाचारीय सेवा पनि हुनसक्छ, यदि परिवर्तन नभएका व्यक्तिहरु निम्त्याइएका छन् भने ।)

☐ ज्यू ।

☐ अहँ, तर अब हामी भविष्यमा गर्न शुरु गर्नेछौं ।



झुण्डको रुपमा परमेश्वरको आराधना गर्नु आराधनाको एक महत्त्वपूर्ण भाग हो । प्रशंसाले उहाँको सृष्टिमा, उहाँको मण्डलीको इतिहासमा, अनि हरेक विश्वासीको परिवर्तित जीवनमा परमेश्वरले गर्नुभएको कामको निम्ति परमेश्वरलाई उचाल्दछ ।



हाम्रो प्रशंसा त प्राचीन कालमा मन्दिर हरुमा उहाँको अघि जलाइने धूपको सुगन्ध जस्तै हो । खीष्टद्वारा यो मीठो सुवासना स्वर्गमा हुनुभएको पितासम्म पुग्दछ । (प्रकाश ५:८, ८:३-४)

## आराधना सेवा के हो ?

जब हामी आराधना गर्दछौं, हामी हाम्रो सृष्टिकर्ता, मुक्तिदाता अनि प्रभुलाई प्रशंसा दिन अनि हाम्रो जीवन उहाँमा सुम्पन हामी भेला हुन्छौं । खीष्टमा उद्धार पाएका सन्तानको हैसियतमा, हामी उहाँको कृपाको निम्ति कृतज्ञता प्रकट गर्दछौं, अनि उहाँको विश्वासयोग्यता र सत्य घोषणा गर्दछौं । कतिवटा मण्डलीहरुमा आराधना गर्दा, ईमान्दार भक्तिको बलिदानस्वरुप, त्यहाँ उपाषना, प्रशंसा, निवेदन, परमेश्वरमा

© Project WorldReach © SEAN

पापको पश्चाताप, अनि गवाहीको समय पनि हुन्छ । सेवा अवधिभरि आदरको आत्मा छाइरहेको हुन्छ ।



आराधना सेवामा अथवा जब हामी चाहन्छौं हामीले गर्नपर्ने वा गर्नसक्ने केही कुरो कलस्सी ३:१६ मा प्रकट गरिएको छ: *"ख्रीष्टको वचन तिमीहरुमा प्रशस्ततासँग वास गरोस् । पूरा बुद्धिमानीसाथ एउटाले अर्कोलाई सिकाओ र अर्ती देओ, र पर मेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ ।"*

आराधना सेवा मुख्यतया विश्वासीहरुको निम्ति हो । परिवर्तन नभएका मानिसहरुले परमेश्वरलाई आत्मा र सत्यतामा पुज्न सक्तैनन् (यूहन्ना ४:२४)। कतिपय अगुवाहरु दुइ प्रकारका सेवाहरुमा अलमल्ल परेका हुन्छन् : तिनीहरुले अविश्वासीहरुको निम्ति आराधना सेवाहरु तयार पार्दछन्, अनि विश्वासीहरुलाई सुसमाचार प्रचार गर्दछन् ।



# सारांश जाँच

१. के तपाईले प्रशस्त प्रार्थनासाथ सेवाहरुको तयारी गर्नुहुन्छ ?

☐ ज्यू, गर्दछु ।

☐ अहँ, तर अब म गर्न शुरु गर्नेछु ।

२. के तपाईका सबै मानिसहरुको लागि भजन पुस्तकहरु उपलब्ध छन् ?

☐ ज्यू, छन् ।

☐ अहँ ।



३. के तपाईले सेवाका क्रमहरु र भजनहरु सेवा शुरु हुनुभन्दा प्रशस्त समयअघि छुटचाएर लेख्नुहुन्छ, ताकि गाउने बजाउने अनि अरु भाग लिनेहरु निकै तयारीका साथ आउन भियाउँछन् ?

☐ ज्यू, छन् ।

☐ अहँ, तर अब म गर्न शुरु गर्नेछु ।

© Project WorldReach © SEAN

# सेवाको उदाहरण

(अघिल्लो पानामा भए जस्तै तयार
पारिएको प्रयोग गरिने तरिका ।)

शुरुको प्रार्थना, अनि भजन १०० गाउने ।

- व्यक्तिगत प्रार्थना, क्षमादान माग्ने, अनि १ यूहन्ना १:९ पढ्ने ।
- भजनः गवाहीको – नं. ५२
  धन्यवादकोः नं. ४७
  प्रशंसाकोः नं. १२, ५
  स्तुतिकोः नं. २०, २५
- बाइबल पठनः फिलिप्पी ३:१-२१ (जेसन अनुज सुब्बा)
- भजन सं. ६२
- प्रवचन (पावल एस.)
- राष्ट्रको लागि, सुसमाचार प्रचारको लागि, अनि बिरामीहरुको लागि प्रार्थना (पत्रुस)
- सूचनाहरु
- भेटी (जेनु)
- प्रभुभोज ।
- भजन संख्या ६४
- अन्तिम आशिष ।



आराधनाको बेला पालन गर्नुपर्ने (गर्नुपर्ने, नपर्ने, अथवा कसरी गर्नुपर्ने) कम्तिमा सातवटा रुपरेखाहरु १ कोरन्थी १४:२६-४० मा पढ्नोस् । यी सबै रुपरेखा पालन गर्नु हो भने यो काम सानो झुण्डमा मात्र सम्भव हुनेछ भनेर तपाईले जान्नुहुनेछ । तपाईले पाउनुभएका रुपरेखाहरुको सूची बनाउनोस्:

_____

_____

आराधना सेवा कसको लागि होः

☐ विश्वासीहरुको लागि ।
☐ परिवर्तन नभएका मित्रहरुको लागि ।

एक सुसमाचारीय सभा कसको लागि हो ।

☐ विश्वासीहरुको लागि ।
☐ परिवर्तन नभएका मित्रहरुको लागि ।

आराधना विश्वासीहरुको लागि हो, अनि सुसमाचार प्रचार परिवर्तन नभएका मानिसहरुको लागि हो ।

© Project WorldReach © SEAN

परिवर्तन नभएको व्यक्तिले उसको हृदयबाट नै साँचो आर ाधनामा भाग लिन सक्तैन। किन सक्तैन ? (यूहन्ना ४:१९-२४)

---

कुनै एक मण्डलीका सेवाहरु विश्वासीहरुको निम्ति मात्र आयोजना हुन्छ भने त्यस मण्डलीले खीष्टलाई नपाएकाहरुलाई बेवास्ता गरिरहेको हुन्छ। किन ?

---

यदि कुनै पाष्टरले हरेक सेवा परिवर्तन नभएका मानिसहरुलाई सुसमाचार प्रचार गर्नको लागि मात्र आयोजना गर्दछ भने उसले विश्वासीहरुलाई बेवास्ता गरिरहेको अनि कमजोर बनाइरहेको हुनछ। किन ?

---

तलको तालिकामा एक आराधना सेवासित एक सुसमाचारीय सभाको तुलना गरिएको छ। तिनीहरु तिनीहरुको उद्देश्य, सहभागीहरु, प्रचार अनि अरु क्रियाकलापहरु सबैमा भिन्न छन्।



३. कसलाई सेवाको कुन जिम्मेवारी दिने हो, सोंच्नोस्, अनि उनीहरुको नाउँ लेख्नोस्।

उदाहरणको लागि, बाइबल पठनको छेऊमा यसलाई पढ्ने व्यक्ति "जेसन सुब्बा" पनि लेख्नोस्। यी व्यक्तिहरुलाई पहिल्यैबाट भेट्नोस् अनि सेवाको अघि यिनीहरुसंग प्रार्थना गर्नोस्। बाजा बजाउनेहरु (कोही भए) ले ठीक धुन र स्केलमा बजाउन सक्छन् अनि तिनीहरुले अघिबाटै अभ्यास गरेका छन् भनी निश्चित हुनुहोस्।

४. सेवा हुने ठाउँमा अलिक अघि आइपुग्नोस्, अनि ठाउँ तयार पार्नोस् (चौकीहरु, साफसुग्घर, बाइबलहरु, भजनहरु, भेटी उठाउने थालहरु, सूचनाहरु, प्रभुभोजको निम्ति रोटी र दाखरस, अनि ठीक धुन मिलाइएका बाजागाजाहरु)। अरुहरुले यसमा सहयोग पुऱ्याउनु पर्छ।

५. सेवाको बेला, पवित्र आत्माको अगुवाइप्रति हामी खुल्ला बनौं। तपाई नसोंच्नु भएको दिशातर्फ उहाँले सेवालाई अगुवाइ गर्न चाहनु भएको हुनसक्छ। उहाँले के गर्न चाहनुहुन्छ, त्यसप्रति सचेत बन्नोस्। आराधना जीवित परमेश्वरसित व्यक्तिगत भेटघाट हो।

## गवाही

## कसरी सेवाको आयोजना गर्ने

सेवाको तयारीको लागि व्यावहारिक तरिका तल दिइएको छ ।

१. सेवामा परमेश्वरको अगुवाइ र अभिषेकको लागि प्रार्थना गर्नोस् ।

२. "आराधना सेवाका प्रमुख भागहरु" भन्ने शिर्षकमुनी केही सूचीहरु हेर्नोस् । एक पानामा, सेवाको निम्ति चाहिने विशेष कार्यक्रमहरु लेख्नोस्–उदाहरणको लागि, कुन गीतहरु गाउनु पर्ने हो, कुनै बाइबल खण्ड पढ्नु पर्ने हो, तिनीहरु कहिले कहिले सम्पन्न गरिन्छ क्रम मिलाएर लेख्नोस् ।



## आराधना सेवा

### उद्देश्यः
परमेश्वरको आराधना गर्नु ।

### सहभागीहरुः
नयाँ जन्म पाएका विश्वासीहरु (नयाँहरुलाई यसमा आउन मनाही चाहिँ गर्दैनौं)।

### प्रचारः
इसाईको जीवन र सेवामा बाइबल प्रयोग गरिन्छ ।

### क्रियाकलापहरुः
प्रार्थना, बाइबल पठन, भजनहरु, साक्षीहरु अनि भेटी संग्रह । सेवाको केन्द्र विन्दु चाहिँ प्रायः जसो गरी प्रभुभोज नै हो ।

## सुसमाचारीय सभा

### उद्देश्यः
परिवर्तन नभएकाहरुलाई पश्चाताप र येशू खीष्टमा विश्वासको निम्ति निम्तो दिनु ।

### सहभागीहरुः
परिवर्तन नभएका श्रोताहरु (उनीहरु कायल हुन र विश्वास गर्न वचन सुन्दछन्)।

### प्रचारः
परिवर्तन नभएकाहरुलाई येशू खीष्ट, विशेष गरी उहाँको मृत्यु र पुनरुत्थानको शक्ति प्रस्तुत गरिन्छ ।

### क्रियाकलापहरुः
भेटी संग्रह गरिन्न । प्रभुभोज दिइँदैन । प्रार्थना र भजनहरुमा मण्डलीको सहभागिता कम्ति हुन्छ ।

© Project WorldReach © SEAN

# आराधनाको तयारी राम्ररी गरौं

तलका तालिकाले राम्रोसंग अगुवाइ गर्नेहरुको असल बानी र राम्ररी तयारी नभईकन अगुवाइ गर्नेहरुको भूलबीच तुलना गरेको छ। जब हामी सेवाहरुको तयारी र अगुवाइ गर्दछौं, यी विभिन्न विशेषताहरुलाई बिचार गरौं:

| राम्ररी तयारी गरिएको सेवा | कमजोर रुपमा तयारी गरिएको सेवा |
|---|---|
| • उनीहरुले सेवाको तयारीको निम्ति धेरै प्रार्थना गर्दछन्। | • सेवाको तयारीको निम्ति थोरै प्रार्थना गर्दछन्। |
| • सेवाको क्रम अघिबाटै तयार पारिन्छ, अनि केन्द्रिय विषयलाई होशियारपूर्वक पछ्याइन्छ। | • सहभागीहरु कुनै पनि तयारी बिना आउँछन्। |
| • यस कार्यक्रमले देखा परेका विभिन्न खाँचोहरुलाई सुल्झ्याउँछ। | • यो सधैं त्यस्तै रहन्छ। |



मण्डलीका सदस्यहरुलाई स्वतः सहभागी हुने मौका दिनोस्, विशेष गरी ससाना झुण्डहरुमा: गीतहरु, प्रार्थनाहरु, प्रोत्साहनका वचनहरु, उत्साहित पार्ने गवाहीहरु, विशेष संगीत, कविता, कामको बारेमा प्रतिवेदनहरु, बाइबल नाटकहरु अथवा विशेष प्रस्तुतिहरु गरेर।

सेवाको अघि, बीचमा, अथवा पछि, आराधकहरुलाई एकाअर्काको निम्ति प्रार्थना गर्न, सल्लाहको बातचीत गर्न अथवा योजनाहरु गर्ने प्रशस्त समय मिलाइदिनोस्। उनीहरुले संगसंगै पनि खाने काम गर्नुपर्छ।

नानीहरुले आराधना सेवामा भाग लिने गरुन्। उनीहरुले गाउन अथवा गवाही दिन सक्छन्।

© Project WorldReach © SEAN

- मण्डली, देश, अरु क्षेत्रहरुमा भएका मिसनेरीहरु, बिर ामीहरु, अनि अन्य खाँचोमा परेका व्यक्तिहरुको निम्ति अन्तर्विन्ती गर्नोस् ।

- मण्डली जीवनको निम्ति आवश्यक घट्ना अथवा कार्यक्रमबारे प्रतिवेदन दिनोस् अथवा सूचना दिनोस् ।

- भेटीहरु र दशांशहरु दिएर आराधना गर्नोस् ।

- प्रभुसित अनि अरु आराधकहरुसित संगतिमा रहेर प्रभुभोज मनाउनोस् ।

- कुनै एक भजन गाएर अथवा प्रार्थना गरेर हामीले आफैलाई परमेश्वर तथा उहाँको सेवामा समर्पित गर्ने ।

- आशिषको प्रार्थनासहित आराधकहरुलाई छोडिदिनोस् ।



| राम्ररी तयारी गरिएको सेवा | कमजोर रुपमा तयारी गरिएको सेवा |
|---|---|
| • मानिसहरु चाँडै आइपुग्छन्, उनीहरु परमेश्वरसित भेट् गर्न इच्छुक रहन्छन् । | • तिनीहरु ढिलो गरी आउँछन्, अनि परमेश्वरसित भेट् गर्ने आशा नै राख्तैनन् । |
| • तिनीहरुले उठेर भजन गाउँदै अथवा अरु कुनै प्रकारका प्रशंसाका क्रियाकलाप गर्दै शुरु गर्छन् । | • तिनीहरु सबै समय बसिरहन्छन् । |
| • मण्डलीलाई परमेश्वरको उपस्थितिमा आराधना गर्न लाउने पारामा तिनीहरुले भजन र गीतहरु गाउँछन् । | • तिनीहरुले मनोरञ्जन गराउने कोरसहरु मात्र गाउँछन् अनि अति थोरै मात्रमा आराधनाका भजनहरु गाउँछन् । |
| • अघिबाटै बाइबल पठनको अभ्यास गरिन्छ । | • बढो कमजोर पारामा बाइबल पठन गरिन्छ । |

| राम्ररी तयारी गरिएको सेवा | कमजोर रुपमा तयारी गरिएको सेवा |
|---|---|
| • तिनीहरु राम्ररी तयारी भएका हुन्छन्, अनि हँसिलो चेहेरा बनाउँछन् । | • तिनीहरु राम्ररी तयारी भएका हुँदैनन्, अनि धेरै कम आनन्दित देखिन्छन् । |
| • तिनीहरुले सन्देशको केन्द्रिय विषयसित मिल्दो भजनहरु अघिबाटै चुनेका हुन्छन्, जसले विश्वासीहरुलाई पर मेश्वरको नजीक आउन समर्थ तुल्याउँछन् । | • तिनीहरुले त सोध्नु पो पर्छ: "अब हामीले के गाउने हो ?" |
| • उनीहरुले कहिले गाउनुपर्ने, पढ्नुपर्ने अथवा बोल्नुपर्ने हो, सहभागीहरुले ती सबै र ाम्ररी थाहा पाएको हुन्छ । | • यिनीहरुको निम्ति हरेक क्रियाकलापको लागि घोषणा गरिरहनुपर्छ अनि त्यसपछि सहभागीहरु तयारी हुँदा, सेवाको बहावमा बाधा पुग्दछ । |



अनन्त क्षमादानलाई जोड दिने भजन गाउनसक्नु हुन्छ । याद गर्नोस्: प्राय: जसो नयाँ मण्डलीहरुमा पापसित संघर्ष गरिरहेका अपरिपक्व विश्वासीहरु छन् जसलाई परमेश्वरको क्षमादान र अनुग्रहको पूरा निश्चयता दिनु खाँचो छ ।

- परमेश्वरको आराधनामा भजनसंग्रहका पदहरु, गीतहरु अनि भजनहरु गाएर अगुवाइ गर्नोस् ।

- एक वा दुइ बाइबल पठनहरु भएको होस् (राम्ररी पढियोस्)। कति मण्डलीहरुमा अगुवासंग पढ्ने चलन छ । अगुवाले एक पद पढ्ने अनि मण्डलीले अर्को पद, अनि यसरी अघि बढ्ने ।

- सन्देशको विषयसंग मिल्दो भजन गाउनोस् ।

- बाइबलको सन्देश बाँड्नोस्, अथवा अरु कुनै उपाय (बाइबल अध्ययन, बाइबलबाट एक नाटक, अथवा अगमवाणी) द्वारा परमेश्वरको वचनमा मनन गराउनोस् ।

# आराधना सेवाका मुख्य भागहरु

(सेवाको नमूना विवरण)

एक असल आराधना सेवामा निम्न कुराहरु भएको असल हुन्छ। समय समयमा सेवाको क्रमलाई बद्लाउनु होस् ताकि यो एक रुटिन मात्र नबनोस्। अगुवाहरु सेवाको बेला पवित्र आत्माको अगुवाइप्रति सचेत बन्नुपर्दछ। आराधना भनेको परमेश्वरसंग भेटघाट हुनु हो। यसकारण मानिसले मात्र आराधनाको ढाँचा निर्माण गर्नु मिल्दैन।

- उहाँको उपस्थितिको निम्ति विनय र धन्यवादसाथ प्रार्थना गर्नु।
- परमेश्वरमा हाम्रो पापहरु मानिलिनु (सार्वजनिक अथवा व्यक्तिगत प्रार्थनामा, अथवा पाप स्वीकारको भजनसित)।
- खीष्टको रगतद्वारा परमेश्वरको क्षमादान पाइन्छ भनेर मानिसहरुलाई निश्चयता दिनु होस्। तपाईले १ यूहन्ना १:९ अथवा एफिसी १:७-८, इत्यादि प्रयोग गर्न सक्नुहुन्छ, अथवा परमेश्वरको सित्थैंमा पाइने



## राम्ररी तयारी गरिएको सेवा

- बत्तीहरु ठीकसंग पर्याप्त मात्रमा– आराधकहरुको सोझै माथितिर अथवा केही पछाडिपट्टि लगाइएका हुन्छन्।
- परमेश्वरलाई आदर गर्न अनि ठूला मानिसहरुलाई आफ्ना बस्ने ठाउँहरु दिन नानीहरुलाई सिकाइएको हुन्छ।
- बढो गम्भीरतापूर्वक तर आनन्दमय आत्मामा भएर तिनीहरु प्रभुभोजमा सहभागी बन्दछन्।

## कमजोर रुपमा तयारी गरिएको सेवा

- बत्तीहरु अपर्याप्त मात्रमा होलान्, अथवा आराधकहरुको अघिल्तिर लगाइएका होलान् जसले गर्दा सहभागीहरुको आँखामा परेर कष्ट पर्न जान्छ।
- नानीहरुले नै असल ठाउँहरु ओगट्छन् अनि हल्ला गरेर बाधा पुऱ्याउँछन्।
- तिनीहरुले प्रभुभोज लिनैपर्ने आवश्यकतालाई जोड दिँदैनन्। प्रभुभोज लिइहाले पनि रुटिनको रुपमा मात्र, तर खीष्टको भयपूर्ण उपस्थितिलाई थाहै नगरी लिन्छन्।

© Project WorldReach © SEAN

| राम्ररी तयारी गरिएको सेवा | कमजोर रुपमा तयारी गरिएको सेवा |
|---|---|
| • मानिसहरुको आवश्यकता र परमेश्वर को वचनको विषय अनुसार तिनीहरुले आफ्ना प्रचारका विषयहरु विभिन्न अप्नाउँछन् । | • उही वक्ताले हरेक पटक उही विषयमा बोलिरहन्छ । |
| • भेला हुने ठाउँ सफा र व्यवस्थित हुन्छ । | • कोठा अव्यवस्थित हुन्छ । प्रभुभोजको दिन रोटी र कचौराका छेऊछाऊ नाना थरिका थोकहरु लडिरहेका हुन्छन् । |





| राम्ररी तयारी गरिएको सेवा | कमजोर रुपमा तयारी गरिएको सेवा |
|---|---|
| • नयाँ आएका व्यक्तिहरुलाई बढो अभिरुचीपूर्वक स्वागत गरिन्छ, उनीहरुलाई सबभन्दा र म्रो ठाउँमा बसाइन्छ । मानिसहरुले उनीहरुसंग बातचीत गर्दछन् अनि उनीहरुको बारेमा जान्ने रुची राख्दछन् । | • थोरै मानिसहरुले मात्र नव-आगन्तुकहरुसंग बातचीत गर्दछन् । |
| • प्रचारकहरुले हरेकलाई उत्साह दिने, एक बनाउने अनि उन्नतिमा ल्याउने काम गर्दछ । | • प्रचारकहरुले बगाललाई गाली गर्ने काम मात्र गर्दछन् । |
| • सेवाको अघि अनि पछि, विश्वासीहरुले एकाअर्कासंग अनि नव-आगन्तुकहरुसंग बातचीत गर्दछन् । | • जब सेवा सकिन्छ, उनीहरु एकाअर्कासंग बातचीत नै नगरी फर्किहाल्छन् । |